फोन: ०६१-५०६४००

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

माँदी गाउँपालिका

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
सूचना नं : ५५

मिति :२०८३/०२/१९

## पर्यटन विकास कार्यक्रम अन्तर्गत होटल तथा होमस्टे (Home Stay) नविकरण सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/१९)

माँदी गाउँपालिका क्षेत्रभित्र दिगो र व्यवस्थित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ चालू आर्थिक वर्षको स्वीकृत **पर्यटन विकास कार्यक्रम** ५०% साझेदारीमा संचालन गर्न लागिएको व्यहोरा सर्वविदितै छ। गाउँपालिका भित्र सञ्चालित पर्या-पर्यटन, ग्रामीण पर्यटन र स्थानीय संस्कृतिको संरक्षणमा टेवा पुर्‍याउँदै आएका अनौपचारिक वा औपचारिक रूपमा दर्ता भई सञ्चालनमा रहेका सम्पूर्ण **होमस्टे (सामुदायिक तथा निजी)** र **होटलहरू** को सेवास्तर वृद्धि, नियमन गर्न आवश्यक देखिएको छ।

तसर्थ, यस गाउँपालिका क्षेत्रभित्र व्यवसाय गरिरहेका र चालू पर्यटन कार्यक्रममा समेटिन इच्छुक सम्पूर्ण होटल व्यवसायी तथा होमस्टे सञ्चालक समिति/प्रोप्राइटरहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र** तोकिएका कागजातहरू सहित गाउँ कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा दर्ता/नविकरणका लागि आवेदन पेश गर्नुहुन यो सूचना आह्वान गरिन्छ। तोकिएको म्यादभित्र नविकरण नभएका वा प्रक्रियामा नआएका होटल तथा होमस्टेहरूलाई गाउँपालिकाबाट संचालन हुने पर्यटन प्रवर्द्धन, अनुदान, तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरूमा समावेश नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

- **निवेदन ढाँचा:** होटल वा होमस्टे नविकरणका लागि रीतपूर्वकको निवेदन।
- **दर्ता प्रमाणपत्रको प्रतिलिपि:** गाउँपालिका, कम्पनी रजिष्ट्रारको कार्यालय वा एकीकृत सेवा कार्यालय (घरेलु तथा साना उद्योग कार्यालय) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- **कर चुक्ता प्रमाणपत्र:** आर्थिक वर्ष २०८१/०८२ (वा नियमानुसार चालू अवधि) को कर चुक्ता प्रमाणपत्र वा गाउँपालिकाको कार्यालय वा वडा कार्यालयमा व्यवसाय कर बुझाएको रसिद।
- **होमस्टेको हकमा:** कार्यसमितिको निर्णयको प्रतिलिपि (सामुदायिक होमस्टे भएमा) र लेखा परिक्षण प्रतिवेदन।
- **होटलको हकमा:** घर बहाल सम्झौता (भाडामा भए) वा जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि र बेड संख्याको विवरण।

८३/०२/१९

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत